# रम्भा गाउँपालिका
# Rambha Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पिपलडाँडापाल्पा ,
(Pipaldanda, Palpa)

लुम्बिनी प्रदेशनेपाल ,
(Lumbini Province, Nepal)


पत्र संख्या (Ref No.): ०८१/०८२

च.नं.(Dispatch No.): २०२६

मितिः २०८२/०२/२३

श्री वडा कार्यालय सबै

श्री विषयगत शाखाहरु सबै

रम्भा गाउँपालिका पाल्पा ।

विषयः आ.व. २०८२/०८३ को लागि बजेट सीमा तथा बजेट तर्जुमा दिग्दर्शन पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गठित श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२/०१/०५ गते बसेको बैठकको निर्णय प्रतिलिपी यसैसाथ संलग्न गरि पठाईएको छ ।

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तय गरेको मार्गदर्शन र सीमा भित्र रहि बस्ती तथा टोल स्तरबाट योजना छनौट गरी गराई वडा समितिबाट प्राथिमिकिकरण सहित मिति २०८२ आषाढ ५ अगावै यस गाउँपालिकामा पेश गर्नुहुन अनुरोध छ ।

वीर बहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावहरुः

१. आगामी आ व को कुल अनुमानित आयको सम्बन्धमा।
२. वडा तथा विषय क्षेत्रगत सीमा निर्धारण सम्बन्धमा।
३. योजना प्राथमिकीकरणका आधार तथा मार्गदर्शनका सम्बन्धमा।

**निर्णय नं १**

**<u>आगामी आ.व.को कुल अनुमानित आयः</u>** रम्भा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ कूल अनुमानित आय तपसिल बमोजिम रहने सम्बन्धमा छलफल गरियो।

तपसिलः

**संघीय सरकार**

- वित्तीय समानीकरण अनुदानः ८,६२,००,०००
- राजश्व बाँडफाँडः ७,६९,४४,९५९
- शसर्त अनुदानः ३४,९६,००,०००
- समपूरक अनुदानः ६०,००,०००
- विशेष अनुदानः १,७६,००,०००

**प्रदेश सरकारः**

- वित्तीय समानीकरण अनुदानः ५९,२३,०००
- राजश्व बाँडफाँड(सवारी साधन) ७५,५६,०००
- सशर्त अनुदानः ७०,००,०००
- समपूरक अनुदानः ७५,००,०००
- विशेष अनुदानः २०,००,०००

**गाउँपालिका आन्तरिक आम्दानीः** १,३८,००,०००

**गत बर्षको अ.ल्याः** २,००,००,०००

**जम्माः** ६०,०१,२३,९५९।-

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

5

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं २**

न्यूनतम,राजश्व,भूगोल र जनसंख्या समेतलाई आधार मानि प्रत्येक वडाको लागि थप बजेट र चालु गरी वडागत रुपमा तपसिल बमोजिमको बजेट सीमा निर्धारण गरी पठाउने ।

| वडा नं | न्यूनतम बजेट | थप बजेट (राजश्व,जनसंख्या र भूगोल समेतलाई आधार मानी) | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | ४०,००,००० | ५००००० | ४५००००० | |
| २ | ४०,००,००० | ३००००० | ४३००००० | |
| ३ | ४०,००,००० | ४००००० | ४४००००० | |
| ४ | ४०,००,००० | १००००० | ४१००००० | |
| ५ | ४०,००,००० | २००००० | ४२००००० | |

**निर्णय नं ३**

**योजना छनौटका आधार र मार्गदर्शन निम्नानुसार हुनेछन् ।**

१ चालु आ.व. को लागि अनुमानित आय बमोजिम आन्तरिक राजश्व नबढेको हुदाँ आगामी आ.व. २०८२/०८३ को लागि तोकिए बमोजिमको राजश्व वृद्धिमा जोड दिने ।

२ वडाबाट संचालन भएका अधुरा तथा क्रमागत योजनाहरुलाई प्राथमिकता दिनुपर्ने ।

३ वडास्तरिय योजना छनोट गर्दा १ लाख भन्दा बढीका र गाउँपालिकास्तरीय योजना छनौट गर्दा २ लाख भन्दा बढीका योजनाहरु मात्र छनौट गर्नुपर्नेछ ।

४ वडास्तरीय योजना छनौट गर्दा योजना संचालन हुने क्षेत्र,स्थान,कामको प्रकृत समेत स्पष्ट तोकी मूर्त खालका योजना समावेश गर्नुपर्नेछ ।

५ वडा तथा पालिकाबाट कम्तिमा १ वटा विशेष/गौरबका योजना छनौट गर्नुपर्ने ।

६ उत्पादनमा आधारीत योजना छनौट गर्नुपर्ने ।

७ महिला,बालबालिका,अपाङ्गता भएका,पिछडिएका वर्ग,युवा ज्येष्ठ नागरिक,स्थानीय स्रोत व्यक्ति,उद्यमी र व्यवसायी प्रतिनिधी,समूदायमा आधारीत संस्थाहरुको प्रतिनिधी आदिको समेत समावेशी सहभागिता सुनिश्चित गरि बस्ति टोल स्तरमा योजना तर्जुमा भेला आयोजना गर्नुपर्ने ।

८ योजना छनौट गर्दा आर्थिक,सामाजिक,पूर्वाधार,वन वातावरण संरक्षण एवं विपद व्यवस्थापन र सुशासन एवं संस्थागत विकास क्षेत्रसँग सम्बन्धित योजना छनौट गर्नुपर्ने

९ प्रविधिमैत्री पालिका निर्माण हुने योजना हुने छनौट गर्ने ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

5

रुन्टा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलडाँडा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

१० नतिजा देखिने खालका योजना छनौट गर्नुपर्नेछ ।

११ बस्तिस्तरमा योजना छनोट गर्दा बढी भन्दा बढी समावेशी बनाई सबै पक्षको सहभागिताको सुनिश्चितता गर्नुपर्ने ।

१२ दिगो विकासका लक्ष्य स्थानीयकरण गर्ने गरी योजना छनौट गर्ने ।

१३ वडा स्तरमा योजना तथा कार्यक्रम छनौट गर्दा कृषि, पशुसेवा, स्वास्थ्य, शिक्षा, महिला बालबालिका, पूर्वाधार विकास शाखामा काम गर्ने कर्मचारीहरुको समेत प्राविधिक सेवा लिई छनौट गर्नुपर्नेछ ।

१४ भेला आयोजना हुने स्थान र समय तोकि ३ दिन अगावै सार्वजनिक सूचना जारी गरी बस्ती टोल बासीलाई जानकारी गराउनुपर्ने

१५ अति विपन्न,सिमान्तकृत एवम दलित,जनजाति,महिला,बालबालिका अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक जस्ता लक्षित वर्ग,समुदाय र परिवारलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम छनौट गर्ने

**निर्णय नं ४**

निर्णय नं ३ मा उल्लेख भएबमोजिमको बजेट सिलिङ तथा निर्णय नं २ बमोजिमको मार्गदर्शन भित्र रही तपसिल बमोजिमको प्रतिशत भित्र रहि सम्बन्धित क्षेत्रका योजना तयार गरी असार ५ गतेभित्र गाउँपालिकामा पेश गर्ने ।

तपसिलः

| क्र सं | क्षेत्र | प्रतिशत |
|---|---|---|
| १ | पूर्वाधार विकास | ४० |
| २ | आर्थिक विकास | ३० |
| ३ | सामाजिक विकास | १५ |
| ४ | वन वातावरण तथा विपद व्यवस्थापन | ५ |
| ५ | सुशासन तथा संस्थागत विकास | १० |

तर कुनै विशेष परिस्थिति सिर्जना भई उल्लिखित प्रतिशतमा हेरफेर गर्नुपर्ने भएमा परिवर्तन गर्नुपर्ने औचित्य प्रष्ट पारी मात्र संसोधन गर्न सकिनेछ ।

**निर्णय नं ५**

आ.व. २०८२/०८३ को शाखागत कार्यक्रम मिति २०८२/०३/०५ गतेभित्र उपलब्ध गराउन गाउँपालिकाका सम्पूर्ण शाखालाई निर्देशन दिने ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत